संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या - १९
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल असार २ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर माननीय अच्युत प्रसाद मैनाली र माननीय अशोक कुमार चौधरीले बारा जिल्लास्थित रामराजा मोहनविक्रम क्याम्पस प्रमुखको अज्ञात व्यक्तिहरुबाट गोली हानी हत्या भएको घटनाको छानविन हुनुपर्ने, प्रहरी प्रशासनले उक्त जघन्य अपराधमा संलग्न व्यक्तिहरुको पहिचान गरी कानून बमोजिम सजाय गर्नुपर्ने, खुला सीमाका कारण मधेशमा हत्याहिंसाका घटनाहरु बढ्दै गइरहेकोले प्रशासनले सीमापारीको प्रशासनसँग समेत समन्वय गरी यस्ता घटना हुन नदिन आवश्यक पहल गर्नुपर्ने, दुग्ध किसानहरुले पाउनुपर्ने भुक्तानी तत्काल गर्नुपर्ने, मनसुन सक्रिय भैसक्दा समेत किसानहरुले मल नपाएकोले अविलम्ब मलको व्यवस्था गर्नुपर्ने लगायतका विषयहरुमा आ-आफ्नो भनाइ राख्नुभयो ।

त्यसपछि माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले “लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त विधेयकलाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम कुनैपनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले “लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१” प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् प्रारम्भ भएको विनियोजन विधेयक, २०८१ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र अर्थ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथि समुहिकृत रुपमा भएको छलफलमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्नुहुँदै कार्यसूचीमा निर्धारित मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथीको छलफलमा समेत भाग लिनुभयो:-

१. मा० रामहरि खतिवडा
२. मा० डा० अमरेश कुमार सिंह
३. मा० प्रेम सुवाल
४. मा० मुक्ता कुमारी यादव
५. मा० राजेन्द्र प्रसाद लिङदेन
६. मा० रोशन कार्की
७. मा० श्याम कुमार घिमिरे

तत्पश्चात् विनियोजन विधेयक, २०८१ अन्तर्गत उल्लिखित मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा दलीय आधारमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो:-

१. मा० विश्व प्रकाश शर्मा
२. मा० योगेश कुमार भट्टराई
३. मा० हितराज पाण्डे
४. मा० डा० स्वर्णिम वाग्ले
५. मा० पशुपति शमशेर ज.ब.रा.
६. मा० अम्मर बहादुर थापा
७. मा० रन्जु कुमारी झा
८. मा० अनिता देवी
९. मा० राम प्रकाश चौधरी
१०. मा० अरुण कुमार चौधरी
११. मा० चित्र बहादुर के.सी.
१२. मा० राजेन्द्र कुमार के.सी.
१३. मा० नैनकला थापा
१४. मा० गंगा कार्की
१५. मा० डा० आरजु राणा
१६. मा० लाल प्रसाद साँवा लिम्बु
१७. मा० छिरिङ डम्डुल लामा (भोटे)
१८. मा० सरस्वती वजिमय
१९. मा० राम शंकर यादव
२०. मा० नारायणी शर्मा
२१. मा० दिपक खड्का
२२. मा० दामोदर पौडेल वैरागी

२३. मा० कल्पना चौधरी
२४. मा० विजुला रायमाझी
२५. मा० रामकृष्ण यादव
२६. मा० रण कुमारी वलम्पाकी मगर
२७. मा० सुशिला थिङ
२८. मा० सूर्य प्रसाद ढकाल
२९. मा० सुरेन्द्रराज आचार्य

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८१ अन्तर्गत गृह मन्त्रालय; परराष्ट्र मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; राष्ट्रिय योजना आयोगको सचिवालय; उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०८१ असार ४ गतेको बैठकमा हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८१ साल असार ४ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ४:४० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव